# धुनिबेशी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.:

सूचना नं. 3/SQ/DM/2082/083

## चमेना गृह संचालन सम्बन्धी सूचना

### तेस्रो पटक सूचना प्रकाशित मितिः- २०८२/०९/०७

धुनिवेशी न.पा वडा नं. ७ स्थित साविक नौविसे स्वास्थ्य चौकी रहेको स्थानमा निर्मित प्रस्तावित धुनिवेशी नगर अस्पताल परिसरमा रहेको चमेना गृहमा अस्पतालका कर्मचारी, विरामी, विरामी कुरुवा तथा सर्वसाधारणका लागि विभिन्न शर्तहरुको अधीनमा रही खाजा तथा खाना उपलब्ध गराउने गरी चमेना गृह संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म तथा व्यक्तीले व्यवसाय दर्ता नविकरण प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र वा मु.अ.कर दर्ता प्रमाणपत्र सहित संलग्न खाजा खानाको परिकार, इकाई र नगरपालिकाबाट स्विकृत भएको दररेटमा खाना, खाजा उपलब्ध गराउने गरी तोकिएको न्यूनतम भाडा रकम रु.५०००(मू.अ.कर समेत) मा प्रतिस्पर्धा हुने गरी वढीवढाउ माध्यमबाट चमेना गृह संचालनका लागि ठेक्का बन्दोवस्त गर्न दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र जुगेडी स्थित नगरपालिका कार्यालयवाट तोकिएको दस्तुर रु.१००० राजश्व शाखा वा राष्ट्रिय बाणीज्य वैंक खानीखोला शाखामा यस नगरपालिकाको नाममा रहेको खाता नं. १०८०१००३०१०१०००३ मा तिरी मिति २०८२ पुस २१ गते कार्यालय समयभित्र खरिद गर्नुपर्नेछ । दरभाउपत्रदाताले रु. २५,०००।०० वरावरको धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य वैंक, खानिखोला शाखामा रहेको खाता नं. १०८०१००३०३००००३ मा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त क श्रेणीको कुनै बाणिज्य बैंकको दरभाउपत्र खोल्ने दिनपछि कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी सहित शिलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । शिलवन्दी खाम वाहिर कुन ठेक्काको लागि पेश गरेको हो, कुन कम्पनीवाट पेश हुने हो कम्पनीको छाप र आधिकारिक हस्ताक्षर सहित मिति २०८२ पुस २२ गते दिनको १२:०० बजे भित्र राजश्व खातामा जम्मा गरेको नगदी रसिद, तोकिएको अन्य कागजपत्रहरु सहित शिलवन्दी लाहाछाप लगाई स्वास्थ्य शाखामा दर्ता गरि सक्नुपर्नेछ। रितपुर्वक पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे नगरपालिका भवनमा खोलिनेछ। योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीले तोकिएका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयभित्र रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीका लागीः- धुनिवेशी नगरपालिका स्वास्थ्य शाखा,
हेमन्त प्रसाद सुवेदी, (९८४१३३२६४३)

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धादिङ

# धुनिवेशी नगरपालिकाको वडा नं. ७ मा रहेको प्रस्तावित धुनिवेशी नगर अस्पतालमा चमेनागृह संचालनको लागि प्रस्ताव फारम

## आ.व. २०८२।०८३

बोलपत्र फाराम मूल्य रु. १०००/-

प्रस्ताव पत्र खरिद अवधिः- २०८२/०९/२१ गते दिनको ५:०० बजेभित्र

प्रस्ताव पत्र दर्ता अवधिः २०८२/०९/२२ गते दिनको १२:०० बजेसम्म

प्रस्ताव पत्र खोल्ने मितिः २०८२/०९/२२ गते दिनको २:०० बजे

**प्रस्ताव दाताको विवरण**

फर्मको नामः.............................................

पत्राचार ठेगानाः.............................................

सम्पर्क फोन नं.ः.............................................

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# धुनिवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धादिङ

| | | | | |
|---|---|---|---|---|
| १. प्रस्ताव पेश गर्ने कार्यालय:धुनिवेशी नगरपालिका नगरकार्यपालिकाको कार्यालय,धादिङ | | | | |
| २. ठेक्का नं.: 3/SQ/DM/2082/083 | | | | |
| ३. कामको विवरण: धुनिवेशी नगरपालिकाको वडा नं. ७ मा रहेको प्रस्तावित धुनिवेशी नगर अस्पतालमा चमेना गृह संचालन | | | | |
| ४. कबोल अंक (अंक र अक्षर दुवैमा प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने) | | | | |
| भाडादर तोकिएको | | प्रस्तावदाताले बढाबढमा पेश गर्ने भाडादर | | |
| अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | धरौटी रकम |
| रु.५०००(कर सहित ) | पाँच हजार मात्र (कर सहित) | | | रु. २५०००(अक्षरुपी पच्चिस हजार मात्र) |

धुनिवेशी नगरपालिका कार्यालय,धादिङबाट प्रकाशित सूचना बमोजिम यस बोलपत्र फारममा रहेको शर्तहरुको अधिनमा रही उपरोक्त बमोजिमको कार्यका लागि यो बोलपत्र पेश गरेको छु।

प्रमुख प्रशासकीय अधिकृत

# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सूचना नं. 3/SQ/DM/2080/081

### चमेना गृह संचलान सम्बन्धी सूचना

### तेस्रो पटक सूचना प्रकाशित मितिः- २०८२/०९/०७

धुनिवेशी न.पा वडा नं. ७ स्थित साविक नौविसे स्वास्थ्य चौकी रहेको स्थानमा निर्मित प्रस्तावित धुनिवेशी नगर अस्पताल परिसरमा रहेको चमेना गृहमा अस्पतालका कर्मचारी, विरामी, विरामी कुरुवा तथा सर्वसाधारणका लागि विभिन्न शर्तहरुको अधीनमा रही खाजा तथा खाना उपलव्ध गराउने गरी चमेना गृह संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म तथा व्यक्तीले व्यवसाय दर्ता नविकरण प्रमाण पत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र वा मु.अ.कर दर्ता प्रमाणपत्र सहित संलग्न खाजा खानाको परिकार, इकाई र नगरपालिकाबाट स्विकृत भएको दररेटमा खाना, खाजा उपलव्ध गराउने गरी तोकिएको न्यूनतम मासिक भाडा रकम रु.५००० (मू.अ.कर समेत) मा प्रतिस्पर्धा हुने गरी वढीवढाउ माध्यमबाट चमेना गृह संचालनका लागि ठेक्का बन्दोवस्त गर्न दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र जुगेडी स्थित नगरपालिका कार्यालयवाट तोकिएको दस्तुर रु.१००० राजश्व शाखा वा राष्ट्रिय वाणीज्य बैंक खानीखोला शाखामा यस नगरपालिकाको नाममा रहेको खाता नं. १०८०१००३०१०१०००३ मा तिरी मिति २०८२ पुस २१ गते कार्यालय समयभित्र खरिद गर्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा भएमा विदाको भोलिपल्ट कार्यालय समय भित्र खरिद गर्नस पर्नेछ । दरभाउपत्रदाताले रु. २५,०००।०० वरावरको धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, खानिखोला शाखामा रहेको खाता नं. १०८०१००३०३०००००३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त क श्रेणीको कुनै वाणिज्य बैंकको दरभाउपत्र खोल्ने दिनपछि कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी सहित शिलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । शिलवन्दी खाम वाहिर कुन ठेक्काको लागि पेश गरेको हो, कुन कम्पनीवाट पेश हुने हो कम्पनीको छाप र आधिकारिक हस्ताक्षर सहित मिति २०८२ पुस २२ गते दिनको १२:०० बजे भित्र राजश्व खातामा जम्मा गरेको नगदी रसिद, तोकिएको अन्य कागजपत्रहरु सहित शिलवन्दी लाहाछाप लगाई स्वास्थ्य शाखामा दर्ता गरि सक्नुपर्नेछ। रितपुर्वक पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे नगरपालिका भवनमा खोलिनेछ। योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीले तोकिएका शर्तहरुको

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अधिनमा रही तोकिएको मिति र समयभित्र रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीका लागीः- धुनिवेशी नगरपालिका स्वास्थ्य शाखा,

हेमन्त प्रसाद सुवेदी, (९८४१३३२६४३)

| ठेक्का नं. | भाडा रकम मासिक(मू.अ.कर समेत) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|
| 3/SQ/DM/2080/081 | रु. ५००० | रु. १०००/- | रु.२५००० |

**शर्तहरु :**

१. दरभाउपत्र फारमको सबै पानामा फर्मको छाप नभएका दरभाउपत्रहरु स्वीकार गरिनेछैन।

२. चमेना गृहमा उपलब्ध हुने खानाहरुको गुणस्तर सम्बन्धमा सम्बन्धित सरकारी निकायबाट जारी भएको मापदण्ड बमोजिम हुनुपर्नेछ, खाना खाजाको कारणले कुनै व्यक्तिमा फुड पोईजनिड भई अस्वस्थ भएमा सोको जिम्मेवारी चमेनागृह संचालकको हुनेछ।

३. कार्यालय हाताभित्र रहेको चमेना गृहमा धुम्रपान, मध्यपान तथा अन्य प्रतिवन्धित पदार्थ प्रयोग तथा वेचविखन गर्न पाईने छैन र यस्तो गरे वा गराइएको पाइएमा नियमानुसार कारवाही हुनेछ ।

४. स्वीकृत दरभाउपत्रदाताले नगर अस्पताल हाताभित्र अर्डर भए बमोजिमको खाना/खाजाहरु पुर्‍याउने व्यवस्था मिलाउनु पर्नेछ ।

५. स्वीकृत दरभाउपत्रदाताले नगर अस्पताल मार्फत आयोजना गरिने सेमिनार गोष्ठि तालिम आदि कार्यक्रमहरुमा अधिकार प्राप्त अधिकारीले अर्डर गरे बमोजिमका खाना खाजाहरुको परिकार कार्यक्रम संचालन स्थलसम्म पुयाउने तथा वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. चमेना गृह २४ सै घण्टा सार्वजनिक विदाको दिनमा समेत संचालन गर्नुपर्ने छ।

७. विशेष गरेर चमेना गृह तथा परिसरको सरसफाई, चमेना गृहबाट निस्कने दैनिक फोहोरहरुको व्यवस्थापन स्वयम् स्वीकृत दरभाउपत्रदाताले नै गर्नुपर्नेछ, सो सम्बन्धमा

प्रमुख प्रशासकीय अधिकृत

कार्यालयवाट वेला बेलामा निरीक्षण तथा निर्देशन गर्नेछ र त्यस्तो निरीक्षण गर्दा दिईएको निर्देशन बमोजिम सरसफाई कार्य अगाढी बढाउनु पर्नेछ ।

८. दरभाउपत्रमा उल्लेख गरेका खाना/खाजाका परिकारहरु अर्डर बमोजिम प्रतिदिन फरक–फरक आइटमहरू अनिवार्य रुपमा तयार गर्नुपर्नेछ ।

९. कवोल गरेको भाडादरमा कुनै प्रकारको परिस्थिति देखाई छुट, मिनाहा वा क्षतिपूर्ति दिईनेछैन ।

१०. दरभाउपत्रमा नगरपालिकाबाट स्विकृत परिकारहरुको मुल्य सूची सवैले देखेगरी टाँस गर्नुपर्नेछ ।

१२. दरभाउपत्रदाताले कार्यालय परिसर भित्र मासुको प्रयोजनार्थ कुनै पनि पशु चौपाया पाल्न तथा काटमार गर्न पाईने छैन ।

१३. स्वीकृत दरभाउपत्रदाताले चमेना गृहमा कुनै पनि हो-हल्ला तथा प्रदुषण फैलाउने बाजागाजा बजाउने कार्यालयको शान्ति खलल हुने कुनै पनि क्रियाकलाप गर्न पाईने छैन ।

१४. कार्यालयले उपलब्ध गराएको विद्युत प्रयोग गरे वापत मिटरमा उठेको यूनिटको आधारमा विद्युत महशुल वापत हुन आउने रकम प्रत्येक महिनाको अन्त्यमा नियमानुसार कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१५. स्वीकृत दरभाउपत्रदाताले ३(तिन) वर्षसम्म सम्झौताका शर्तनामाहरुको अधिनमा रहेर चमेना गृह संचालन गर्नुपर्नेछ । सेवा सन्तोषजनक भएमा दुवै पक्षको मन्जुरीमा सम्झौता मार्फत समयावधी थप गर्न सकिनेछ ।

१६. दरभाउपत्रदाता नेपाली नागरीक हुनुका साथै फर्मको आयकरदर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मु.अ.कर प्रमाणपत्र तथा आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१७. स्वीकृत दरभाउपत्रदाताले चमेना गृह संचालनको लागि आवश्यक पर्ने जनशक्ति, श्रोत साधन तथा अनुभव समेत खुल्ने आवश्यक कागजात सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

१८. चमेना गृह संचालन गर्न आवश्यक सम्पूर्ण फर्निचर, विधुतीय सामाग्रीहरू र भाडाकुँडाहरू आफैले ब्यबस्था गर्नु पर्नेछ ।

१९. शर्त राख्न नपाईने दरभाउपत्रदाताले कुनै पनि शर्त उल्लेख गरि दरभाउपत्र पेश गरेमा त्यस प्रकारको शर्त मान्न कार्यालय वाध्य हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

२०. सम्झौता गर्नुपर्ने : दरभाउपत्र स्वीकृत भएपछि नगरपालिकामा व्यवसाय दर्ता गर्नुका साथै दुवै पक्षविच सम्झौता गर्नुपर्नेछ। सम्झौताका शर्तनामा बमोजिम दरभाउपत्रदाताले आवश्यक कार्य गर्नु पर्नेछ । अन्यथा नियमानुसार कारवाही गरिनेछ ।

२१. हर्जना असुल उपर तथा कारवाहीः छनौट भएको दरभाउ पत्रदाताले सम्झौता नगरेमा वा सम्झौता बमोजिमको कार्य नगरेमा उक्त सम्झौता रद्ध गर्ने, धरौटी जफत गर्ने, कालोसूचीमा राख्न सम्बन्धित निकायमा लेखी पठाउने, सूचना र सम्झौताको बर्खिलाफ गरी कार्यालयको सेवा संचालनमा वाधा पुर्‍याए वापत मनासिव हर्जना असुल उपर गर्ने, कारवाही गर्ने लगायत कुनै एक वा सबै किसिमका कारवाही गरी दरभाउपत्र स्वीकृतिको क्रममा रहेको दोस्रो दरभाउपत्रदाता संग सम्झौता गरी चमेना गृह संचालनको व्यवस्था गर्न सकिनेछ ।

२२. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने अथवा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नै निहित रहनेछ ।

२३. दरभाउपत्र पेश गर्दा सम्वन्धित कागजातमा अख्तियार प्राप्त अधिकारीको आधिकारिक हस्ताक्षर र प्रस्ताव पेश गर्ने निवेदन अनिवार्य रुपमा पेश गर्नपर्नेछ ।

२४. स्वीकृत दरभाउपत्रदाताले प्रत्येक आ.व. को लागि कवोल गरेको भाडा रकमलाई चार किस्तामा विभाजन गरी तोकेको समयमा बुझाउनुपर्नेछ । आ.व २०८२/०८३ को लागि कवोल गरेको पुरा रकमलाई चार किस्तामा विभाजन गरि पहिलो किस्ता सम्झौता अगाडि र अन्य किस्ताको रकम किस्ताको समय सुरु हुनु भन्दा ७ (सात) दिन अगावै कार्यालयको राजश्व खातामा दाखिला गर्नुपर्नेछ र सोको सक्कल भौचर कार्यालयमा पेश गर्नुपर्नेछ अन्यथा सम्झौताको बर्खिलाफ मानी आवश्यक कारबाही गर्न सक्नेछ । साथै यस ठेक्का प्रयोजनको लागि भुक्तानी रकम कायम गर्दा सम्झौता भएको मिति देखि दैनिक दामासाहिले कायम हुन आउने रकमलाई नै किस्तामा गणना गरिनेछ । कर रकम सम्बन्धित फर्मले नै दाखिला गर्नुपर्नेछ ।

२५. यस सम्वन्धी अन्य व्यवस्था संघीय, प्रदेश र नगरपालिकाको ऐन, नीति एवं निर्देशिका, मापदण्डहरु र सम्झौता बमोजिम आपसी समझदारीमा हुनेछ । थप जानकारी नगरपालिकाको वेवसाईट www.dhunibeshimun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय धादिङ

## चमेनागृह संञ्चालन सम्वन्धी कार्य

| धुनिवेशी नगर अस्पतालमा चमेनागृह सञ्चालनको लागि स्विकृत दररेट विवरण | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | इकाई | धुनिवेशी नगर अस्पताल चमेना गृहको लागि स्विकृत दररेट | कैफियत |
| १ | सादा खाना | प्रति प्लेट | १०० | केही न्यूनतम दररेट लाई बजार भाउ अनुसार संशोधन गरिएको |
| २ | चिकेन खाना | प्रति प्लेट | १५० | |
| ३ | मटन खाना | प्रति प्लेट | १८५ | |
| ४ | माछा खाना | प्रति प्लेट | १५० | |
| ५ | अमलेट खाना | प्रति प्लेट | १५० | |
| ६ | कालो चिया | प्रति गिलास | १५ | |
| ७ | दुध चिया | प्रति गिलास | २० | |
| ८ | दुध कफी | प्रति गिलास | ४० | |
| ९ | कालो कफी | प्रति गिलास | २५ | |
| १० | दुध | प्रति गिलास | ३० | |
| ११ | हट लेमन | प्रति गिलास | २० | |
| १२ | मसरुम सुप | प्रति कचौरा | ६० | |
| १३ | चिकेन सुप | प्रति कचौरा | ६० | |
| १४ | चाउमिन झोल | प्रति प्लेट | ५० | |
| १५ | चाउमिन फ्राइ | प्रति प्लेट | ५० | |
| १६ | अण्डा चाउचाउ झोल | प्रति प्लेट | ६० | |
| 16 | अण्डा चाउचाउ फ्राइ | प्रति प्लेट | ६० | |
| १७ | उसिनेको अण्डा | प्रति एक वटा | ३० | |
| १८ | अमलेट | प्रति एक वटा | ३५ | |
| १९ | पुरी | प्रति पिस | १० | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| 20 | झोल तरकारी | प्रति प्लेट | ३० |
| २१ | समोसा | प्रति एक वटा | २० |
| २२ | सादा रोटी | प्रति एक वटा | १० |
| २३ | चना तरकारी | प्रति प्लेट | ३० |
| २४ | समोसा मिक्स चाट | प्रति प्लेट | ७० |
| 25 | भेज पकौडा | प्रति प्लेट | ५० |
| २६ | भेज चाउमिन | प्रति प्लेट | ७० |
| २७ | अण्डा चाउमिन | प्रति प्लेट | ९० |
| २८ | चिकेन चाउमिन | प्रति प्लेट | १०० |
| २९ | पनिर म:म | प्रति प्लेट | १०० |
| 30 | भेज म:म | प्रति प्लेट | ७५ |
| 31 | खिर | प्रति प्लेट | ४० |
| ३२ | भटमास साधेको | प्रति प्लेट | ३० |
| ३३ | दही | प्रति कप | ३० |
| ३४ | कुखुराको मासु | प्रति प्लेट | १०० |
| ३५ | खसिको मासु | प्रति प्लेट | १५० |
| 36 | मिनिरल वाटर | १ लि. प्रति वोटल | २० |
| ३७ | भेज थुक्पा | प्रति प्लेट | ७० |
| ३८ | भटमास चिउरा | प्रति प्लेट | ४० |
| ३९ | भटमास चिउरा तरकारी | प्रति प्लेट | ६० |
| ४० | खसिको भुटन | प्रति प्लेट | १०० |
| ४१ | खसिको भुटन चिउरा | प्रति प्लेट | १२० |
| ४२ | आलु फ्राइ | प्रति प्लेट | ३० |
| 43 | लस्सी सादा | प्रती गिलास | ५० |
| ४४ | लस्सी वनना | प्रती गिलास | ६० |
| 45 | सेल रोटी | प्रति पिस | १५ |
| ४६ | दुनोट | प्रति पिस | १५ |
| 47 | आलु वोडी तामा | प्रति प्लेट | ४० |
| ४८ | चिकेन चिउरा | प्रति प्लेट | १२५ |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| 49 | मटन चिउरा | प्रति प्लेट | १६० | |
| ५० | ग्रिन सलाद | प्रति प्लेट | ५० | |
| 51 | भेज खाजा सेट (भटमास,चउरा /भुजिया ,दालमोठ,आलु फ्राइ,गेडागुडी तरकारी दही) | प्रति प्लेट | १५० | |
| ५२ | चिकेन खाजा सेट (भटमास,चउरा /भुजिया ,दालमोठ,आलु फ्राइ,गेडागुडी तरकारी दही) | प्रति प्लेट | १८० | |
| ५३ | मटन खाजा सेट (भटमास,चउरा /भुजिया ,दालमोठ,आलु फ्राइ,गेडागुडी तरकारी दही) | प्रति प्लेट | २१० | |
| ५४ | कोक फान्टा स्पाईट ड्यु | प्रति एक वटा | MRP अनुसार | |
| ५५ | भेज सुप | प्रति कचौरा | ७० | |
| ५६ | जाउलो | प्रति प्लेट | ७५ | |
| ५७ | पुरी तरकारी | प्रति प्लेट | ८० | |
| ५८ | कुखुराको पाइग्रा | प्रति प्लेट | १०० | |
| ५९ | आलु चप | प्रति एक वटा | २० | |
| ६० | चिकेन म:म | प्रति प्लेट | ११० | |

धुनिवेशी नगरपालिका कार्यालय,धादिङबाट स्विकृत दररेटको अधिनमा वसी चमेना गृह संचालन गर्न तयार भई यो वोलपत्र पेश गरेका छु।

प्रस्ताव पेश गर्ने फर्मको नाम ठेगाना:

नाम: बुवाको नाम: बाजेको नाम:

ठेगाना: मोबाइल नम्बर:

हस्ताक्षर छाप: मिति:

प्रमुख प्रशासकीय अधिकृत